# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४)    काठमाडौं, मंसिर १२ गते २०५१ साल    (संख्या ३२

## भाग ३

श्री ५ को सरकार

शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय को

सूचना

## अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१

अपांङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१" रहेको छ ।

३४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "ऐन" भन्नाले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ सम्झनुपर्छ ।

(ख) "संचालक समिति" भन्नाले अपाङ्ग घर संचालन गर्नको लागि नियम ११ बमोजिम गठन भएको अपाङ्ग घर संचालक समिति सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय सम्झनुपर्छ ।

३. **अपाङ्गपन निर्धारण समिति** : (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अपाङ्गको परिभाषा र अपाङ्गपन निर्धारणको लागि कुनै चिकित्सक नतोकिएकोमा मन्त्रालयले सोही उपदफाको प्रयोजनको लागि अपाङ्ग कल्याणसंग सम्वन्धित संघ, संस्था, चिकित्सक र विशेषज्ञहरू समेत समावेश गरी सात जना सम्मको एक अपाङ्गपन निर्धारण समिति गठन गर्न सक्नेछ । यसरी गठन हुने समितिको अध्यक्ष, सदस्य र सचिवको नाम तथा निजहरूको पदावधि सोही समिति गठन गर्दाको अवस्थामा तोके बमोजिम हुनेछ ।

(२) उप-नियम (१) बमोजिम गठित समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

३४५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४. **लगत राख्ने** :- (१) गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका अपाङ्गहरूको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) समाज कल्याण अधिकृतले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका मार्फत स्थानीय स्तरमा कार्यरत अपाङ्ग कल्याण सम्बन्धी संघ संस्था समेतको सहयोगमा अपाङ्गहरूको प्रकृति र प्रकार अनुसारको अभिलेख तयार गरी त्यसको एक प्रति अनिवार्य रूपले मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले पनि सो अभिलेख समेतको आधारमा नेपाल अधिराज्यका अपाङ्गहरूको प्रकृति र प्रकार अनुसारको राष्ट्रिय अभिलेख तयार गरी राख्नेछ।

(३) केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनामा स्पष्ट देखिने गरी अपाङ्गको लगत खुलाउनु पर्नेछ ।

५. **परिचयपत्र प्रदान गर्न सक्ने** : समाज कल्याण अधिकृतले अपाङ्गलाई ऐन तथा यस नियमावली बमोजिम सुविधा दिने प्रयोजनको लागि मन्त्रालयले तोकिदिए बमोजिमको ढाँचामा परिचय-पत्र प्रदान गर्न सक्नेछ ।

६. **समाज कल्याण अधिकृतको काम कर्तव्य र अधिकार** : समाज कल्याण अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गहरूको हित संरक्षण तथा अपाङ्ग कल्याण सम्बन्धी जिल्ला स्तरीय योजना र कार्यक्रम तर्जुमा गरी स्वीकृतिको निमित्त मन्त्रालयमा पेश गर्ने ।

(ख) मन्त्रालयको निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) स्वीकृत कार्यक्रमको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्ने र प्रगति विवरणहरू मन्त्रालयमा पठाउने ।

(घ) जिल्लाका अपाङ्गहरूको हित संरक्षण र कल्याणको लागि आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको अधिकतम परिचालन गर्ने ।

(ङ) मन्त्रालयबाट तोकिदिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **समाज कल्याण अधिकृतको सेवाको शर्त र सुविधा** : समाज कल्याण अधिकृतको पारिश्रमिक सेवाको शर्त तथा सुविधा मन्त्रालयले तोकिदिए वमोजिम हुनेछ ।

८. **अपाङ्ग घरको स्थापना तथा संचालन** : (१) श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रहरूमा अपाङ्ग घरहरू स्थापना गर्न सक्नेछ ।

(२) उप नियम (१) वमोजिम अपांग घरको स्थापना नभएसम्म अरू कुनै व्यक्ति वा संस्थाद्वारा संचालित अपांग घरलाई पनि श्री ५ को सरकारले उपयोग गर्न सक्नेछ ।

तर यस उप नियममा लेखिएको कुनै कुराले त्यस्तो अपांग घरको संचालनमा हस्तक्षेप गर्ने अधिकार श्री ५ को सरकारलाई भएको मानिने छैन ।

(३) समाज कल्याण अधिकृत वा प्रहरी कर्मचारी आफैले कुनै वृद्ध अपांग वा असहाय अपांग फेला पारेमा वा अरू कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो अपांगको सम्बन्धमा यथासम्भव तीन पुस्ते, नाम, थर ठेगाना, फोटो तथा शरिरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औंठाको छाप समेत लिई त्यस्तो अपांगलाई नजिकको अपांग घरमा बुझाउनु पर्छ र सम्वन्धित अपाङ्ग घर प्रमुखले पनि बुझि लिनु पर्छ ।

(४) अपांग घर प्रमुखले वृद्ध अपाङ्ग वा असहाय अपाङ्गहरूलाई लिङ्गको आधारमा छुट्टाछुट्टै राख्नु पर्नेछ ।

(५) वेवारीस असहाय अपांगको बाबु, आमा, नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनको निमित्त समाज कल्याण अधिकृत, अपांग घर प्रमुख वा प्रहरी कार्यालयले त्यस्तो अपांगको हुलिया तथा फोटो सहितको सूचना कुनै पत्र पत्रिकामा प्रकाशित गराउन वा संचारको अन्य माध्यमबाट प्रसारण गराउन सक्नेछ ।

९. **अपांग घर प्रमुख** : (१) श्री ५ को सरकारले यस नियमावली वमोजिम स्थापित अपांग घरको प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई अपांग घर प्रमुखको रूपमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

३४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम नियुक्त वा तोकिएको अपांग घर प्रमुखको पारिश्रमिक सेवाको शर्त तथा सुविधा मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१०. <u>अपांग घर प्रमुखको काम कर्तव्य र अधिकार</u> : अपांग घर प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अपांग घरको दीर्घकालिन नीति र योजना तर्जुमा गर्ने संचालक समितिलाई सहयोग गर्ने,

(ख) स्वीकृत नीति र योजना अनुरुप अपांग घरको वार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि संचालक समितिमा पेश गर्ने,

(ग) संचालक समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने

(घ) अपांग घरको दैनिक कार्य संचालन गर्ने गराउने र त्यसको सुपरीवेक्षण गर्ने ।

(ङ) अपांग घरको कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने र प्रगति विवरणहरू संचालक समितिको बैठकमा पेश गर्ने ।

(च) अपांग घरको आर्थिक कारोबार गर्ने र सो को लेखा ठीकसंग राख्ने, राख्न लगाउने ।

(छ) संचालक समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य कार्य गर्ने, गराउने ।

११. <u>संचालक समितिको गठन</u> : (१) मन्त्रालयले अपांग घर संचालन गर्नको निमित्त स्थानीय सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सक र शिक्षकहरू मध्येबाट समेत सदस्य रहने गरी बढीमा सात जना सदस्यहरू भएको एक अपाङ्ग घर संचालक समिति गठन गर्नेछ ।

(२) संचालक समितिमा रहने अध्यक्ष, सदस्य तथा सचिवको काम कर्तव्य तथा निजहरूको पदावधि मन्त्रालयले उक्त समिति गठन गर्दाको अवस्थामा तोके बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **संचालक समितिको काम कर्तव्य र अधिकार** : संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अपांग घरको दीर्घकालीन नीति र योजना तर्जुमा गरी स्वीकृतिको निमित्त समाज कल्याण अधिकृत मार्फत मन्त्रालयमा पेश गर्ने ।

(ख) स्वीकृत नीति र योजना अनुरूप वार्षिक कार्यक्रम बनाई स्वीकृत गर्ने र सो को संचालनार्थ आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने ।

(ग) अपांग घरमा रहेका वृद्ध अपांग र असहाय अपांगहरूलाई बस्ने, सुत्ने, खाने, लगाउने लगायतका अन्य सुविधा सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने, गराउने ।

(घ) वृद्ध अपांग वा असहाय अपांगहरूको शारिरीक एवं बौद्धिक विकासको निमित्त मनोरन्जन तथा सांस्कृतिक कार्यक्रम लगायत अन्य अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने, गराउने ।

(ङ) अपांग घरको कार्य प्रगतिको समिक्षा एवं मूल्यांकन गर्ने, गराउने ।

(च) वृद्ध अपांग वा असहाय अपांगहरूलाई नियमित स्वास्थ्य परीक्षण र आवश्यकतानुसार औषधोपचारको व्यवस्था मिलाउने ।

(छ) अपांग घरको संचालन सम्बन्धमा मन्त्रालय वा समाज कल्याण अधिकृतले दिएका सुझाव तथा निर्देशनको पालना गर्ने, गराउने ।

१३. **बैठक सम्बन्धी कार्यविधि** : संचालक समितिको बैठक सम्बन्धी कार्यविधि संचालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **श्री ५ को सरकारले सहयोग उपलब्ध गराउने** : श्री ५ को सरकारले अपांग कल्याण कार्यमा संलग्न गैर सरकारी एवं निजी स्तरमा संचालित संघ संस्था वा अपांग घरहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

320



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. **शिक्षा तथा तालीमको व्यवस्था** : (१) कुनै गैर सरकारी वा निजी स्तरमा संचालित संस्थाले अपांगलाई शिक्षा एवं तालीमको व्यवस्था गर्ने भएमा मन्त्रालयले त्यस्तो संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) मन्त्रालयले अपांगका बढीमा दुई जना सन्ततिलाई कुनै निश्चित स्तर सम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(३) मन्त्रालयले अपांगताको प्रकृति र प्रकार अनुसार त्यस्ता अपांगहरूलाई शिक्षा दिनको लागि नेपाल अधिराज्यभित्र आवश्यक संख्यामा विशेष शिक्षा दिने विद्यालयको स्थापना र संचालन गर्न सक्नेछ ।

(४) उप नियम (३) बमोजिम स्थापना भएका विद्यालयको संचालन र त्यस्तो विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था शिक्षा नियमावली, २०४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको कुनै संगठित संस्थाले प्रदान गर्ने प्राविधिक तथा व्यावसायिक तालीम अपांगहरूको निमित्त उपयोगी हुने भएमा त्यस्तो तालीममा उनीहरूको लागि पाँच प्रतिशत स्थान सुरक्षित गरिनेछ र यस किसिमको तालीममा अपांगहरूसंग कुनै किसिमको शुल्क लिइने छैन ।

१६. **स्वास्थ्योपचार सम्बन्धी व्यवस्था** : (१) नेपाल अधिराज्यभित्रका अस्पतालहरूमा अपांगहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

(२) नेपाल अधिराज्य भित्रका पचास भन्दा बढी शैया भएका सरकारी अस्पतालहरूमा अपांगहरूको उपचारको निमित्त घटीमा दुईवटा निःशुल्क शैयाको व्यवस्था गरिनेछ ।

(३) ६५ वर्ष नाघेका वृद्ध अपांग तथा असहाय अपांगहरूको नेपाल अधिराज्यभित्रका सरकारी अस्पतालहरूमा निःशुल्क औषधोपचारको व्यवस्था गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ का सरकारको पूर्व स्वीकृति लिई कुनै पर सरकारी अस्पतालले अपांगहरूको लागि निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क शैया वा औषधि उपचारको व्यवस्था गरेमा त्यस्तो अस्पताललाई मन्त्रालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१७. **अपांगलाई काममा प्राथमिकता दिनु पर्ने** : (१) श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका सङ्गठित संस्थाहरूले अपांगहरूको शिक्षा, तालीम र शारीरिक स्थिति अनुकूलको काममा तिनीहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) ऐनको अधिनमा रही श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका संगठित संस्थामा काम गर्ने अपांग कर्मचारी र अन्य कर्मचारी वीच पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरूको सम्वन्धमा कुनै किसिमको भेदभाव गरिने छैन ।

१८. **आयकर छुट दिइने** : (१) अपांगलाई रोजगारी दिने कारखानालाई सो कारखानाले अपांगलाई प्रदान गरेको तलब, भत्ता वा अन्य कुनै सुविधा वा सहुलियतको अंकमा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई पूर्ण रूपले आयकर छुट दिइने छ ।

(२) कुनै कारखानाले अपांगलाई नियुक्त गर्न आफ्नो कारखानाको यन्त्रमा गरिएको विशेष अदल बदल वा जडान गरिएका पार्टपूर्जाहरूको बापत भएको खर्चको अंकमा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई पूर्ण रूपले आयकर छुट दिइनेछ ।

१९. **अपाङ्ग सेवा कोषको व्यवस्था** : (१) अपाङ्गहरूको शिक्षा, तालीम, स्वास्थ्योपचार र पुनर्स्थापना कार्यको लागि श्री ५ को सरकारले एउटा अपाङ्ग सेवा कोषको स्थापना गर्न सक्नेछ र उक्त कोषमा देहाय बमोजिमको रकमहरू रहनेछन् :

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।
(ख) कुनै व्यक्ति संघ संस्थाबाट प्राप्त दान, उपहार, चन्दा, सहयोग आदिको रकम ।
(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

372



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अपाङ्ग सेवा कोषको नाउँमा जम्मा रहेको रकम नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली राखिनेछ ।

(३) अपाङ्ग सेवा कोषको खाताको संचालन र तत्सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

२०. **कानूनी सुविधा** : कुनै अपाङ्गले मुद्दा मामिलाको सुनवाइको क्रममा कुनै किसिमको कानूनी सुविधा लिन चाहेमा निजलाई श्री ५ को सरकारबाट नियुक्त वैतनिक वकिल मार्फत आवश्यक कानूनी सुविधा उपलब्ध गराइने छ ।

२१. **जग्गा आवादीको लागि शर्त बन्देज** : ऐनको दफा १० को उपदफा (१) बमोजिम घरवास वा कृषि प्रयोजनको लागि अपांगलाई उपलब्ध गराउने जग्गा बेचबिखन गर्न नपाइने शर्तमा उपलब्ध गराउन सकिनेछ ।

२२. **अधिकार प्रत्योजन** : मन्त्रालयले यस नियमावली बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार प्रचलित कानून बमोजिम स्थापित कुनै संघ संस्था वा मातहतका निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,

**ईश्वरप्रसाद उपाध्याय**

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

उद्योग मन्त्रालयको सूचना

नेपाल अधिराज्यको सम्पूर्ण तराई क्षेत्र र चुरे श्रृखंला समेतको केही भाग पर्ने क्षेत्रलाई १० अन्वेषण खण्डमा विभाजन गरी सिमांकन गरिएका खण्ड नं. १ देखि १० सम्मका खण्डमा पेट्रोलियम कार्य गर्न इच्छुक अन्तर्राष्ट्रिय तेल कम्पनीहरूबाट मिति २०५१।१०।१८ (तदनुसार १ फेब्रुअरी १९९५) देखि २०५२।२।१७ (तदनुसार ३० मे १९९५) भित्र बोलपत्र आह्वान गरिएको हुँदा पेट्रोलियम नियमावली, २०४१ को परिच्छेद १२ को नियम ५७ को खण्ड (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

**पुण्यप्रसाद दाहाल**

श्री ५ को सरकारको सचिव

३५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।